"पाँचखाल नगर-कृषि सहर"

पाँचखाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८३।८४
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

मिति: २०८३/०६/२२

**मासु पसल सञ्चालनको लागि इजाजत पत्र लिनु पर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!**

नेपाल सरकारले मिति २०८३ भदौ १ गते नेपाल राजपत्रमा काभ्रेपलाञ्चोक जिल्लाका नगरपालिकाहरूमा मिति २०८३ माघ १ गतेबाट पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी सूचना प्रकाशन भएको हुँदा पाँचखाल नगरपालिका भित्र पशु वधशाला स्थापना वा मासु बिक्री गर्ने व्यक्ति वा संस्थाले पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ५ र ८ बमोजिम तोकिएको मासु पसलको मापदण्ड पुरा गरी इजाजत पत्र लिनुहुन यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले मंसिर मसान्त भित्र पाँचखाल नगरपालिकाको पशु सेवा शाखामा इजाजत पत्र लिनको लागि अनुसूची-३ बमोजिम दरखास्त फारम भरि पेश गर्नुहुन अनुरोध छ। इजाजत बिना मासु पसल सञ्चालन गरेमा वा मासु बिक्री वितरण गरे ऐ.ऐन को दफा १७ को उपदफा (२) बमोजिम १० हजार देखि २० हजारसम्म जरिवाना वा तीन महिना कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको व्यहोरा यसै सूचना साथ जानकारी गराईन्छ।

थप जानकारीको लागि पाँचखाल नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

कल्याण प्रसाद सुवेदी
नि. प्रमुख प्रशासकीय अधिकृत

कल्याण प्रसाद सुवेदी
निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**मासु पसल सञ्चालन गर्न इजाजतपत्रको लागि दिइने दरखास्त फाराम**

मितिः

श्री अध्यक्ष/प्रमुखज्यू,

............................

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक।

विषयः मासु बिक्री पसल सञ्चालन गर्न इजाजतपत्र पाउँ।

म/हामीले निम्न ठेगानामा मासु बिक्री गर्ने पसल स्थापना गरी सञ्चालन गर्न लागेको हुँदा सो कार्यको लागि इजाजतपत्र पाऊँ भनी यो निवेदन पेश गरेको छु/छौं।

प्रचलित कानून तथा पशु वधशाला र मासु जाँच ऐन, २०५५ र पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को परिधिभित्र रही काम गर्नेछु/छौं।

**मासु पसल रहने स्थानको ठेगाना**

पाँचखाल नगरपालिका

वडा नं.: ....................

टोल/स्थानः ......................

**बिक्री गरिने मासुको किसिम**

☐ राँगा/भैंसी

☐ खसी/बोका/भेडा

☐ बंगुर/सुँगुर

☐ कुखुरा/पन्छी

☐ अन्य

निवेदकको

नामः ............................

ठेगानाः.................................

दस्तखतः .......................

सम्पर्क नं.: ...................

# मासु पसलको मापदण्ड

## पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ८ र पशु वधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ को दफा ५ बमोजिको व्यवस्था

(१) आफ्नो पसलबाट बिक्री गरिने मासु चेकजाँच गरी छाप लगाइएको हुनु पर्ने,

(२) छाप लगाइएको मासुको अंश बिक्रीको अन्तिम समयसम्म देखिने गरी राख्नु पर्ने,

(३) मासुमा पानी छर्कन वा मासु पानीमा डुबाउन वा पानीमा भिजाइएको कपडाले छोप्न नपाइने,

(४) मासु झुण्ड्याउँदा छाना, भित्ता, भुईं वा खम्बामा नछुने गरी झुण्ड्याउनुपर्ने,

(५) मासु तौलने ढक तराजुहरू अन्य वस्तु वा भुईंमा लसपस नहुने गरी राख्नुपर्ने,

(६) प्रयोग नभएको अवस्थामा अचानो तथा टेबुल सफासँग रहने गरी छोप्नुपर्ने,

(७) मासुमा कुनै प्रकारको रंग, औषधि वा रसायन प्रयोग गर्न नपाइने,

(८) वध गरिएको पशुको भित्रीआँश, आन्द्रा, भुँडी, टाउको, खुरी, रत्ती जस्ता भाग मासु पसलमा नै राखी बिक्री गर्न चाहेमा मासुसँग लसपस नहुने गरी अलग्गै राखी बिक्री गर्नुपर्ने।

(९) मासु पसल देहाय बमोजिम निर्माण गरिएको हुनुपर्ने:-

(क) पर्याप्त क्षेत्रफल भएको र फोहोर वा पानी नजम्ने र नसोष्ने गरी सजिलैसँग सफा गर्न सकिने, किरा, मुसा प्रवेश गर्न नसक्ने गरी बनाइएको,

(ख) स्वच्छ र सफा पानीको पर्याप्त व्यवस्था भएको,

(ग) पसलको भित्ता पक्का खालको र सजिलैसँग सफा गर्न सकिने तथा सिलिङ धुलो मैलो नखस्ने र पानी नतर्किने गरी बनाइएको,

(घ) खेर गएको मासुका टुक्रा, तरल पदार्थ वा अन्य पदार्थ सहज किसिमले तह लगाउने व्यवस्था मिलाइएको,

(ङ) बिक्री गर्न राखिने मासु झुण्ड्याउन हुकको व्यवस्था भएको,

(च) मासु पसलमा उपभोक्ताले अर्को स्थानबाट हेर्न सक्ने व्यवस्था भएको,

(छ) बिक्री कक्षमा कोल्डचेनको व्यवस्थाका लागि कम्तिमा फ्रिजको व्यवस्था भएको,

(ज) पसलमा निस्कने फोहोर व्यवस्थित तरिकाले तह लगाउन सकिने।